राप्ती गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मसुरिया, दाङ
लुम्बिनी प्रदेश, नेपाल

आ.व. २०८३।८४
बैठक नं.-०१
मिति २०८३।०४।१३

**मिति २०८३।०४।१३ गते राप्ती गाउँकार्यपालिकाका अध्यक्ष प्रकाश विष्टज्यूको अध्यक्षतामा बसेको कार्यपालिका बैठकमा पेश भएका प्रस्तावहरु**

१.करार कर्मचारीहरुको म्याद थप सम्बन्धमा।

२.कवाडी कर तथा विज्ञापन करको ठेक्का व्यवस्थापन सम्बन्धमा ।

३.पशु सेवा कार्यक्रम संचालन कार्यविधि,२०७९ तथा कुकुर बन्ध्याकरण कार्यविधि संशोधन सम्बन्धमा।

४.क्षेत्रफलका आधारमा विभिन्न बालीको उत्पादनमा प्रोत्साहन सहयोग कार्यक्रम संचालन कार्यविधि,२०८३ स्वीकृत गर्ने सम्बन्धमा।

५.गाँउपालिकाको आ.ब.२०८३।०८४ को दररेट स्वीकृत सम्बन्धमा।

६. राष्ट्रपति रनिङ शिल्ड खेलकुद प्रतियोगिताका लागी विद्यालय छनौट गर्ने सम्बन्धमा।

७. नामसालिङ सामुदायिक विकास केन्द्रको बार्षिक कार्यक्रम योजना सम्बन्धमा।

८.योजना कार्यान्वयन सम्बन्धमा।

९.भिडियो छायांकन सम्बन्धमा।

१०.राप्ती चक्रपथको लागी थप वजेट माग सम्बन्धमा।

११. प्रदेश सरकारबाट हस्तान्तरित (विशेष अनुदान) कार्यक्रम संशोधन सम्बन्धमा।

१२.विविध

देविराम पाठक
प्रमुख प्रशासकीय अधिकृत

प्रकाश विष्ट
अध्यक्ष

राप्ती गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मनुरिया, दाङ
लुम्बिनी प्रदेश, नेपाल

आ.व. २०८३।८४
बैठक नं.-०१
मिति २०८३।०४।१३

**निर्णय नं.-१** राप्ती गाँउपालिका अन्तरगत करार सेवामा कार्यरत कर्मचारीहरुको हकमा कार्य सम्पादन मुल्याङ्कनमा सम्झौताको लागी आवश्यक न्युनतम अङ्क प्राप्त गर्ने कर्मचारीहरुको करार सम्झौता आ.ब.२०८३।०८४ को पुष मसान्त सम्म नविकरण गर्ने।

**निर्णय नं.-२** राप्ती गाँउपालिकाको आर्थिक वर्ष २०८३।०८४ मा आन्तरिक आय बृद्धिका लागी आर्थिक ऐन २०८३ का अधिनमा रही देहायका करहरु ठेक्काका माध्यमबाट व्यबस्थापन गर्नु पर्ने भएकोले गत आर्थिक बर्षको स्वीकृत ठेक्का रकमलाई न्युनतम रकम मानी सोही बमोजिम प्रतिस्प्रधात्मक बिधिबाट ठेक्का व्यबस्थापन गर्ने।

१.कवाडी करको न्युनतम अंक कर वाहेक रु ७,५०,०००।–

२.विज्ञापन करको न्युनतम अंक कर बाहेक रु ३,६९,०५०।-

**निर्णय नं.-३** पशु सेवा कार्यक्रम संचालन कार्यविधि २०८० र कुकुर बन्ध्याकरण तथा रेविज रोग नियन्त्रण कार्यविधि २०८० मा देहाय बमोजिम संशोधन गरी पहिलो संशोधन-२०८३ स्वीकृत गर्ने।

देहाय

**कुकुर बन्ध्याकरण तथा रेविज रोग नियन्त्रण कार्यविधि २०८० को दफा ४(७) को सट्टा देहाय बमोजिमका शब्दहरु राख्ने।**

कुकुर बन्ध्याकरणका लागि प्रस्तावक छनौटको मापदण्ड निम्नानुसार हुनेछ।

**क**)सम्बन्धित निकायमा दर्ता तथा नविकरण भएको हनुपर्ने।

**ख**)सेवा प्रदायक संग आफ्नै दक्ष जनशक्ति (रजिस्टार्ड पशु चिकित्सक)भएको हुनुपर्ने अघिल्लो आर्थिक वर्षको अडिट रिपोर्टमा सो कुरा समेत खुलेको हुनुपर्ने।

**ग**)संस्था संग कुकुर ओसार पसारका गर्ने प्रयोजनका लागि सोही प्रकृतिका सवारी साधन समेत रहेको प्रमाण पेस हुनुपर्ने।

**पशु सेवा कार्यक्रम संचालन कार्यविधि २०८० को दफा६(१)को सट्टा देहाय बमोजिमका शब्दहरु राख्ने।**

दफा ४ को उपदफा ७ बमोजिम मापदण्ड पुगेका प्रस्तावदाता मध्येबाट प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम प्रतिस्पर्धात्मक माध्यमबाट हुनेछ।बन्ध्याकरणका लागि आवस्यक औषधि,सर्जिकल सेवा,रेविज खोप, तथा जनशक्तीको खाना तथा आवास लगायतको प्रबन्ध समेत प्रस्तावक स्वयंले नै व्यहोर्नुपर्नेछ।

**निर्णय नं.-४** क्षेत्रफलका आधारमा विभिन्न बालीको उत्पादनमा प्रोत्साहन सहयोग कार्यक्रम संचालन कार्यविधि,२०८३ स्वीकृत गर्ने सम्बन्धमा।

**निर्णय नं.-५** राप्ती गाउँपालिकाको वडा नं. ९ र अन्य पहाडी क्षेत्रको कच्ची सडकमा प्रति टिप प्रति किलोमिटर ढुवानी भाडा दर रु. ६००।- कायम गर्ने तथा अन्य दररेटको हकमा जिल्ला दररेट अनुसार नै हुने गरी आर्थिक वर्ष २०८३/०८४ को दररेट स्वीकृत गर्ने निर्णय गरियो।

**निर्णय नं.-६** राप्ती गाँउपालिका वाट चालु आ.ब.२०८३।८४ मा संचालन हुने राष्ट्रपति रनिङ शिल्ड खेलकुद प्रतियोगिताको लागी २ नं.वडामा अवस्थित **आदर्श मा.वि. वराहखुट्टी** विद्यालय छनौट गर्ने।

**निर्णय नं.-७** नाम्सालिङ सामुदायिक विकास केन्द्रले राप्ती गाँउपालिकामा परियोजना ३ अन्तर्गत आ.ब.२०८३।०८४ मा संचालन गर्ने तपशिलका योजना तथा कार्यक्रमहरुलाई राप्ती गाँउपालिकाको रातो किताबमा समावेश गर्ने र कार्यान्वयनको लागी स्वीकृत प्रदान गर्ने।

देविराम पाठक
प्रमुख प्रशासकीय अधिकृत

प्रकाश विष्ट
अध्यक्ष

आ.व. २०८३।८४
बैठक नं.-०१
मिति २०८३।०४।१३

| क्र.स. | योजनाको नाम तथा कार्यक्रम क्षेत्र | नाम्सालिङ सामुदायिक विकास केन्द्रवाट प्रस्तावित बजेट | कैफियत |
|---|---|---|---|
| १ | पोषण तथा हेरचाह | ४७,५००।– | |
| २ | दिगो कृषि,बीउ प्रणाली र पशुपालन | ११,९९,२५०।– | |
| ३ | जलवायु अनुकुलित गाँउ योजना निर्माण तथा प्राकृतिक स्रोत व्यवस्थापन | १६,७३१७१।– | |
| ४ | महिला,युवा र सीमान्तकृत समूहहरुलाई आय आर्जन तथा जिविको पार्जन सहयोग | ११,०८,२००।– | |
| ५ | लैङ्गिक समता तथा सामाजिक समावेशिकरण | १,६४,५००।– | |
| ६ | विपद् तथा जोखिम व्यवस्थापन- | ३,१५,५००।– | |
| ७ | अनुगमन तथा मुल्याङ्कन-९६,०००।- | ९६,०००।- | |
| | जम्मा | ४६,०४,१२१।- | |

**निर्णय नं.८** राप्ती गाउँपालिकाद्वारा आर्थिक वर्ष २०८३/०८४ मा सञ्चालन हुने योजनाहरूको कार्यान्वयनलाई व्यवस्थित, प्रभावकारी र समयबद्ध बनाउन निम्नानुसारको समयतालिका सर्वसम्मत रूपमा स्वीकृत गरी कार्यान्वयन गर्ने :

**साउन मसान्तभित्र:** सबै वडा कार्यालयहरूले आ-आफ्नो वडामा सञ्चालन हुने योजनाहरूको कार्यान्वयन विधि (उपभोक्ता समिति वा ठेक्का प्रक्रिया) छनोट गरिसक्नुपर्नेछ।

**भदौ मसान्तभित्र:** सवै वडा कार्यालयहरुले उपभोक्ता समिति गठन गर्ने ।

**असोज देखी कार्तिक मसान्तभित्र:** गठित समितिलाई योजना सञ्चालन सम्बन्धी अभिमुखीकरण दिने कार्य सम्पन्न गरी योजनाहरूको ठेक्का सम्झौता वा उपभोक्ता समितिसँगको सम्झौता कार्य सम्पन्न गर्ने ।

**निर्णय नं.९** राप्ती गाउँपालिकाको आर्थिक वर्ष २०८३/०८४ को स्वीकृत वार्षिक कार्यक्रममा रहेको "विभिन्न धार्मिक संस्कृति संरक्षण तथा प्रवर्द्धन कार्यक्रम" को बजेट शीर्षकबाट भुक्तानी हुने गरी, गाउँपालिकाको स्वच्छता र वातावरणीय सुधारका लागि सरसफाई सम्बन्धी साङ्गीतिक भिडियो छायाङ्कन (भिडियो निर्माण) को प्रकृया अगाडी वढाउने ।

**निर्णय नं.१०** राप्ती गाउँपालिकामा गौरवको आयोजनाको रूपमा कार्यान्वयनमा रहेको राप्ती चक्रपथ स्तरोन्नतिको लागि आ.व. २०८३।०८४ मा स्थानीय पूर्वाधार विकास आयोजना कार्यालयमार्फत रु ३ करोड विनियोजन भएकोमा उक्त बजेट चक्रपथ स्तरोन्नतिको लागि पर्याप्त हुने नदेखिएकोले थप बजेट विनियोजन तथा बहुवर्षीय योजनामार्फत बजेट सुनिश्चितताका लागि स्थानीय पूर्वाधार विकास आयोजना कार्यालय, बुटवल समक्ष अनुरोध गर्ने।

देविराम पाठक
प्रमुख प्रशासकीय अधिकृत

प्रकाश विष्ट
अध्यक्ष

आ.व. २०८३।८४
बैठक नं.-०१
मिति २०८३।०४।१३

**निर्णय नं.११** राप्ती गाउँपालिकाको आ.व. २०८३।०८४ को स्वीकृत बजेट तथा कार्यक्रममा प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम (विशेष अनुदान) तर्फ गर्भवती सुत्केरी महिला, जेष्ठ नागरिक, अपाङ्गता/अशक्तता भएका लगायतलाई निःशुल्क रूपमा दैनिक अस्पताल लैजाने–ल्याउने कार्यका लागि दुई वटा विद्युतीय गाडी खरिद (राप्ती सहारा कार्यक्रम) मा रु २०,००,०००।–(रुपैया विस लाख मात्र) प्राप्त भएकोमा विनियोजित रकमबाट विद्युतीय गाडी खरिदको लागि रकम अपुग हुने भएकोले कार्यक्रम संशोधन गरी गर्भवती सुत्केरी महिला, जेष्ठ नागरिक, अपाङ्गता/अशक्तता भएका लगायतलाई निःशुल्क रूपमा दैनिक अस्पताल लैजाने–ल्याउने कार्यका लागि एक वटा विद्युतीय गाडी खरिद (राप्ती सहारा कार्यक्रम) कायम गर्न प्रदेश योजना आयोग र सम्बन्धित मन्त्रालयमा अनुरोध गर्ने।

**निर्णय नं.-१२** तपसिलका व्यक्ती/संस्थाहलाई आर्थिक सहयोग रकम उपलब्ध गराउने ।

**तपसिल**

१. जिल्ला कास्की मादी गाँउपालिका,वडा नं.१२ वस्ने,विष्णु ढकाल –१०,०००।–(रुपैया दश हजार मात्र)

२.आशा कुमारी चौधरी,उजेली चौधरी र यमकला चौधरीको उपचारमा लागेको वाँकी रकम रु ५,०००।–(रुपैया पाँच हजार मात्र) भालुवाङ अस्पताललाई भुक्तानी गर्ने ।

देविराम पाठक
प्रमुख प्रशासकीय अधिकृत

प्रकाश विष्ट
अध्यक्ष